# सुनछहरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ९ सुनछहरी, कातिक २१ गते, २०८२ साल संख्या ७

स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## सुनछहरी गाउँपालिकाको एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७९

सुनछहरी गाउँकार्यपालिकाबाट पारित मितिः२०७९/०४/२४

प्रथम संसोधन मितिः २०७९/११/२६

दोस्रो संशोधन मितिः २०८१/०४/१६

तेस्रो संशोधन मितिः २०८२/०७/२०

**प्रस्तावना :**

विभिन्न प्रकारका सर्ने तथा नसर्ने प्रकृतिका रोगहरु यस सुनछहरी गाउँपालिकाबासीमा विद्यमान रहेको र उक्त रोगबाट हुन सक्ने स्वास्थ्य समस्याबाट गाउँपालिकाबासीलाई सुरक्षित राख्ने मातृशिशु स्वास्थ्य अवस्थालाइ सुरक्षित राख्ने उद्देश्यले एम्बुलेन्सलाई गाउँपालिका मातहतमा राखी सञ्चालन गर्ने गाउँ कार्यपालिकाको निर्णय बमोजिम एम्बुलेन्सको व्यवस्थित ढंगले सञ्चालन, व्यस्थापन र दिगोपनको लागि छुट्टै कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ उपदफा २ ले दिएको अधिकार प्रयोग गरी सुनछहरी गाउँपालिकाको गाउँ कार्यपालिकाले यो एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ बनाई लागु गरेको छ ।

सुनछहरी गाउँपालिका

एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

## परिच्छेद - एक

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** (क) यो कार्यविधिको नाम **सुनछहरी गाउँपालिकाको एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७९** रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखी तत्काल लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसँगले अको अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"एम्बुलेन्स"** भन्नाले **सुनछहरी** गाउँपालिकाले सञ्चालन गर्ने एम्बुलेन्सलाई जनाउँछ ।

(ख) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउँछ ।

(ग) **"गाउँपालिका"** भन्नाले **सुनछहरी** गाउँपालिकालाई जनाउँछ ।

(घ) **"गाउँ कार्यपालिका"** भन्नाले **सुनछहरी** गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) **"समिति"** भन्नाले एम्बुलेन्स सञ्चालन र व्यवस्थापनका लागि दफा ५ वमोजिम गठन भएको सञ्चालक समितिलाई जनाउँछ।

(च) **"कर्मचारी"** भन्नाले **सुनछहरी** गाउँपालिकामा कार्यरत स्थायी, अस्थायी वा करार सेवामा कार्यरत कर्मचारीलाई जनाउँछ । यस शब्दले एम्बुलेन्स सञ्चालनमा संलग्न अपरेटर समेतलाई जनाउँछ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले **सुनछहरी** गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(ज) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले **सुनछहरी** गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी समय समयमा तोकिदिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद - दुई

## एम्बुलेन्स सञ्चालन सम्बन्धी व्यवस्था

३. **उद्देश्य:** यस कार्यविधिको प्रमुख उद्देश्य यस गाउँपालिका क्षेत्रभित्र र नजिकका स्थानीय तहमा स्वास्थ्य समस्या भएका नागरिकहरुलाई समेत उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य संस्थासम्म पुर्‍याउने तथा यसको विश्वसनीयता साथै प्रभावकारीता वृद्धि गरी दिगो र भरपर्दो सेवा सञ्चालन गर्नु रहेको छ ।

४. **छनौट र प्राथमिकता:** (१) एम्बुलेन्सको उपयोगको लागि गाउँपालिका क्षेत्र भित्रका बासिन्दाहरुलाई सेवा प्रदान गर्दा लाग्ने सेवा शुल्क र अन्य स्थानीय तहका सेवाग्राहीहरुलाई लिने सेवा शुल्कमा फरक हुने गरी कार्यविधिका उल्लेख भए बमोजिमको रकम गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भएपश्चात लागु हुनेछ ।

(२) उप-विनियम (१) बमोजिम सेवा शुल्क लिदा सेवा उपयोग गर्ने बिरामी व्यक्तिको स्थायी ठेगानालाई आधार मानिनेछ ।

५. **सञ्चालक समिति:** (१) एम्बुलेन्स सेवाको व्यवस्थित उपयोग, सञ्चालन, खटनपटन र व्यवस्थापनका लागि **सुनछहरी** गाउँपालिका अध्यक्षको संयोजकत्वमा एक छुट्टै एम्बुलेन्स सञ्चालक समिति गठन गरिनेछ ।

(२) उप-विनियम (१) बमोजिम गठन हुने एम्बुलेन्स सञ्चालक समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्,-

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| (ग) सामाजिक विकास समितिको संयोजक | - सदस्य |
| (घ) गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| (ङ) गाउँपालिकाको स्वास्थ्य संयोजक | - सदस्य-सचिव |

(३) उप-विनियम (२) को खण्ड (क) बमोजिम तोकिएका सञ्चालक समितिका सदस्यको पदावधि सामान्यतया २ वर्षको हुनेछ । गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले महशुस गरेमा सदस्यहरुको कार्यकाल थप गर्न सक्नेछ ।

(४) समितिको कुनै सदस्यले एम्बुलेन्सको प्रभावकारी सञ्चालन र व्यवस्थापनमा बाधा पुग्ने गरी वा गाउँपालिकको हित विपरित हुने गरी काम गरको पाइएमा गाउँ कार्यपालिकाको बैठकले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

६. **<u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) एम्बुलेन्स सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

क. एम्वुलेन्स संचालन व्यवस्थापनमा देखिएका समस्या समाधनमा सहजिकरण गर्ने

*क(१) सुनछहरी गाउँपालिकाका ७ वटै वडाका विभिन्न स्थानहरुका लागि वार्षिक रुपमा भाडादर निर्धारण गर्ने ।

ख. एम्वुलेन्सको सहि सदुपयोग गराउने तथा २४ सै घण्टा एम्वुलेन्स संचालनकोलागि सुनिश्चितता ल्याउने ।

ग. एम्वुलेन्स संचालन तथा व्यवस्थापन कोषको परिचालन तथा सम्वन्धित क्षेत्रको प्रर्वद्नमा खर्च गरि सो को विवरण कार्यपालिकामा पेश गर्ने ।

घ. एम्वुलेन्स सेवा दिन नसकिने स्थानका गर्भवति महिलाका लागि वैकल्पिक यातायातको प्रवन्ध गर्ने ।

ङ. यस समितिवाट भए गरेका गतिविधि तथा एम्वुलेन्स सेवा संचालन सम्वन्धी त्रैमासिक प्रतिवेदन कार्यपालिका वैठक समक्ष पेश गर्ने

(च) एम्वुलेन्स संचालन कार्यविधिमा संसोधन गर्नुपर्ने ठानेमा कार्यपालिका वैठकलाइ संसोधनकोलागि सिफारिस गरि पठाउने

(छ) निर्णय नभएको कार्यमा एम्बुलेन्सको प्रयोग भएको पाइएमा तत्काल एम्बुलेन्स फिर्ता गर्न लगाउने ।

(ज) कुनै व्यक्ति वा संस्थाले एम्बुलेन्स भाडामा लिई सञ्चालन गरेको अवस्थामा भाडा वापतको रकम असुल गरी कोषमा जम्मा गराउने ।

(झ) एम्बुलेन्स मर्मत सम्भार गर्नुपर्ने भनी अपरेटरले दिएको निवेदन उपर आवश्यक छानविन गरी मर्मतको लागि सिफारिस गर्ने ।

*तेस्रो संशोधनद्वारा थप गरिएको।

(ञ) एम्बुलेन्स सञ्चालनमा खटिएका कर्मचारीहरुको कार्य सम्पादन क्षमता,तथा आचरण एम्बुलेन्सको समुचित रेखदेख र व्यवस्थापनमा निजहरुले खेलेको भुमिका बारे अनुगमन तथा मुल्यांकन गरी आवश्यक निर्णय लिनकोलागि गाउँकार्यपालिका वैठकमा सिफारिस गर्ने

(२) एम्बुलेन्स सञ्चालक समितिका अन्य काम, कर्तव्य र अधिकारहरु गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछन् । तर गाउँ कार्यपालिकाका सदस्यहरुको कार्यकाल समाप्त भई अर्को निर्वाचन नभएसम्म वा अन्य कारणले उक्त पद रिक्त रहेको अवधिका लागि एम्बुलेन्सको सञ्चालन प्रमुख प्रशासकीय अधिकृतले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद - तीन

## अपरेटर कर्मचारी सम्बन्धी व्यवस्था

७. **<u>कर्मचारीको नियुक्तीः</u>** (१) एम्बुलेन्स सञ्चालनका लागि १ जना चालक (हलुका सवारी चालक प्रथम तह वा सो सरह) को १ जना अपरेटर कर्मचारी करार सेवामा भर्ना गरिनेछ । एम्बुलेन्स चालक पदमा स्थायी नियुक्ती गरिनेछैन ।

(२) उप-विनियम (१) बमोजिम कर्मचारी भर्नाका लागि गाउँपालिकाले संघिय सरकारको एम्वुलेन्स सेवा संचालन सम्वन्धी निर्देशिका २०७३ को वुदा नं ११ अनुसार आवश्यक शैक्षिक योग्यता, अनुभव तथा अन्य योग्यताको आधार तयार गरी गाउँपालिकाको कार्यालयले प्रचलित कानून वमोजिम रित पुर्याई करार सेवामा नियुक्ति गर्नेछ ।

८. **<u>पारिश्रमिक तथा सेवाका शर्तहरुः</u>** (१) एम्बुलेन्स चालकको मासिक पारिश्रमिक हलुका सवारी चालक प्रथम तह वा सो सरहको हुनेछ ।

(२) एम्बुलेन्स चालकलाई उप-विनियम (१) बमोजिम पाउने पारिश्रमिक बाहेक एम्बुलेन्स सञ्चालन भएको अवधिमा रोल्पा जिल्ला भन्दा बाहिर जानु पर्ने र एक दिनमै फर्कन सम्भव नहुने अवस्थामा * एम्बुलेन्स सेवा शुल्कको दररेट बमोजिम आम्दानी हुने रकमको २०% रकम * एम्बुलेन्स संचालन कोषबाट व्ययभार हुने गरी थप भत्ता उपलब्ध गराइने छ । **नोटः(*) प्रथम संसोधनद्वारा संसोधित**

(३) एम्बुलेन्स चालकको तलब भत्ता तथा अन्य सुविधा एम्बुलेन्स सञ्चालन कोषबाट व्यहोरिनेछ । यसका लागि गाउँपालिकाको कोषबाट कुनै रकम व्यहोरिने छैन ।

९. **<u>आचरणः</u>** (१) एम्बुलेन्स चालकले देहाय बमोमिजका आचरणहरुको पालना गर्नुपर्नेछ-

(क) प्रभावकारी तरिकाले एम्बुलेन्सको सञ्चालन, रेखदेख र संरक्षण गर्ने ।

(ख) एम्बुलेन्स सञ्चालन भएको अवधि र इन्धन खपतको दैनिक रुपमा अभिलेख राख्ने ।

(ग) एम्बुलेन्स सञ्चालन गर्ने निर्णय भएको स्थान बाहेक अन्यत्र एम्बुलेन्स उपयोग गर्दा समितिको पुर्व अनुमति लिने ।

(घ) एम्बुलेन्सको नियमित सरसफाई, लुब्रिकेन्ट, चेकअप तथा नियमित मर्मत सम्भारका लागि समुचित ध्यान दिने ।

(ङ) एम्बुलेन्स सञ्चालनका क्रममा हुन सक्ने संभावित दुर्घटना तथा क्षतिउपर सावधानी अपनाई एम्बुलेन्सको सुरक्षा गर्ने ।

(च) एम्बुलेन्सको दुर्घटना बिमा गराउने विषय तथा समयमा प्रिमियम बुझाए नबुझाएको विषयमा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा जानकारी गराउने ।

(छ) एम्बुलेन्स सञ्चालनमा लैजानु पुर्व एम्बुलेन्स सेवा शुल्क वापतको रकम गाउँपालिकामा दाखिला भए नभएको एकिन गर्ने ।

(ज) एम्बुलेन्स सञ्चालनमा लैजानु पुर्व एम्बुलेन्सको अवस्था चेकजाँच गरी सुरक्षा अवस्था एकिन गर्ने असुरक्षित अवस्थामा एम्बुलेन्स सञ्चालन नगर्ने ।

(झ) एम्बुलेन्स सञ्चालनको सम्बन्धमा सञ्चालक समिति र प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशनहरु पालना गर्ने ।

१०. **अवकाश दिन सकिनेः** (१) आफ्नो पदको जिम्मेवारी कुशलतापूर्वक पुरा नगरेको अवस्थामा एम्बुलेन्स चालकलाई समितिको निर्णयबाट जुनसुकै बखत पदबाट हटाउन सकिनेछ ।

## परिच्छेद - चार

## सेवा शुल्क तथा एम्बुलेन्स सञ्चालन कोष सम्बन्धी व्यवस्था

११. **<u>सेवा शुल्क तथा इन्धनको व्यवस्थाः</u>** (१) गाउँपालिका क्षेत्रभित्रका बासिन्दाहरुले र नजिकका स्थानीय तहका नागरिकहरुले एम्बुलेन्स भाडामा प्रयोग गर्दा लाग्ने सेवा शुल्क अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उप-विनियम (१) बमोजिमको सेवा शुल्कबाट गाउँपालिकाले एम्बुलेन्सको मर्मत सम्भार, फ्युल लुब्रिकेन्ट, अपरेटर कर्मचारीको तलब भत्ता आदीको व्यवस्था गर्नेछ ।

१२. **<u>एम्बुलेन्स सञ्चालन बापत प्राप्त रकम जम्मा गर्ने खाता :</u>** (१) एम्वुलेन्स सञ्चालन कार्यवापत प्राप्त आम्दानी रकम ग-५.१ **सुनछहरी** गाउँपालिका विविध कोष खातामा जम्मा गरिने छ । यस वापत प्राप्त हुने आम्दानी र खर्च लगत हिसाव छुट्टै राख्नु पर्नेछ ।

(२) उप-विनियम (१) बमोजिम खडा गरीने एम्बुलेन्स सञ्चालन कोषमा देहाय बमोजिमको रकम समेत जम्मा गरिनेछ-

(क) सेवा उपभोग गर्ने व्यक्ति वा संघसंस्थाबाट प्राप्त सेवा शुल्क वापतको रकम,

(ख) भाडामा प्रयोग गर्न दिइएको अवस्थामा भाडा वापत प्राप्त रकम,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट एम्बुलेन्स सञ्चालनका लागि प्राप्त रकम,

(घ) विकास साझेदार गैरसरकारी संस्थाबाट प्राप्त अन्य कुनै अनुदान तथा सहयोग रकम आदी ।

१३. **<u>कोषको सञ्चालन र उपयोगः</u>** (१) एम्बुलेन्स सञ्चालन कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(२) एम्वुलेन्स सञ्चालन वापत प्राप्त रकम जम्मा गर्ने खातामा मौज्दात भएको रकम एम्बुलेन्सको इन्धन खरिद, नियमित मर्मत सम्भार र अपरेटर कर्मचारीहरुको तलब भत्ताको लागि खर्च गरिनेछ ।

## परिच्छेद - पाँच

## विविध

१४. **लेखा र लेखा परीक्षण:** (१) एम्बुलेन्स सञ्चालन कोषको आम्दानी र खर्चको लेखा आर्थिक प्रशासन सम्बन्धी ऐन तथा नियमावली अनुरुप राखिनेछ ।

(२) एम्बुलेन्स सञ्चालन कोषको आम्दानी र खर्चको हिसाब महालेखा परीक्षकको कार्यालयबाट खटिने लेखा परीक्षकबाट सालबसाली रुपमा लेखा परीक्षण गराइनेछ ।

१५. **विवादको समाधान:** (१) एम्बुलेन्स सञ्चालन गरी सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा एम्बुलेन्स सञ्चालक समितिबाट सम्बन्धित पक्षहरुसँग छलफल गरी समाधान गरिनेछ ।

(२) एम्बुलेन्स सञ्चालक समितिले समाधान गर्न नसकेका विवादहरु गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट समाधान गरिनेछ ।

१६. **भाडामा वा * स्वास्थ्य संस्थामार्फत संचालन गर्न सकिने *** (१) * गाउँपालिकाबाट भन्दा कुनै व्यक्तिवा स्वास्थ्य संस्थामार्फत संचालन गर्न उपयुक्त देखिएमा कार्यपालिका बैठकले निर्णय गरी एम्बुलेन्स भाडामा वा स्वस्थ्य संस्थामार्फत संचालन गर्न सकिनेछ । एम्बुलेन्स भाडामा दिँदा अनुसूची ३ बमोजिमको ढाँचामा दिनुपर्ने छ तर गाउँपालिका अन्तर्गतको स्वास्थ्य संस्थामार्फत संचालन गर्दा भने गाउँपालिका र स्वास्थ्य संस्था विचको आपसी सम्झौता आधारमा संचालन गर्न दिईनेछ । *

(२) गाउँ कार्यपालिकाको बैठकले आवश्यक देखेमा सञ्चालक समितिको सिफारिस नभए तापनि एम्बुलेन्स भाडामा दिन सकिनेछ ।

(३) उप-विनियम (१) बमोजिम एम्बुलेन्स भाडामा दिँदा प्रति दिन वा महिनाको भाडा दर तथा अन्य शर्तहरु गाउँ कार्यपालिकाको बैठकले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

१७. **कार्यविधिमा संशोधन:** यस कार्यविधिमा आवश्यक संशोधन वा थपघट गर्नुपरेमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी थपघट गर्न वा संशोधन गर्न सक्नेछ ।

१८. **अन्य आवश्यक कुराहरु:** एम्बुलेन्स सेवा शुल्क प्रत्येक एक/एक वर्षमा पुनरावलोकन गरी समयानुकुल समायोजन गर्नुपर्नेछ ।

**नोटः(*) प्रथम संसोधनद्वारा संसोधित**

१९. **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा लेखिएको कुराहरुको हकमा यसै बमोजिम र नलेखिएका कुराहरुको हक मा प्रचलित कानून बमोजिम हुनेछ ।

# अनुसूची १

## *एम्बुलेन्स सञ्चालन अभिलेखको ढाँचा

## सुनछहरी गाउँपालिका पोवाङ रोल्पा

| क.स. | मिति | सञ्चालन भएको स्थान | | सेवाग्राहीको नाम र ठेगाना | भाडा रु. | भाडामा छुट भए प्रमाण | सेवाग्राहीको सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |

| रेकर्ड राख्ने | रुजु गर्ने | स्वीकृत गर्ने |
|---|---|---|
| अपरेटर | स्वास्थ्य संयोजक | एम्बुलेन्स सञ्चालक समिति संयोजक |

भाडा दर छुट हुनेको हकमा देहायका कागजातका प्रतिलिपी चालकले सेवाग्राहिबाट माग गर्नुपर्नेछः

- साहारा विहिनको हकमा सम्बन्धित वडाध्यक्षको सिफारिस
- सुत्केरीको हकमा सुत्केरी कार्ड वा स्वास्थ्य संस्थाको प्रेषण कार्डको प्रतिलिपी
- जेष्ठनागरिक हकमा ७० वर्ष पुगेको खुल्ने कागजात।
- सुनछहरी गाउपालिकाका स्थायी बासिन्दाको हकमा स्थायी बासिन्दा खुल्ने कुनै कागजात।
- द्धन्दपिडित वा अपाङ्गता भएका व्यक्तिको हकमा परिचय खुल्ने कागजात।

*तेस्रो संशोधनद्वारा थप।

अनुसूची २

एम्बुलेन्स मर्मत सम्भार सम्बन्धी अभिलेखको ढाँचा

सुनछहरी गाउँपालिका पोवाङ रोल्पा

| क्र. स. | मिति | मर्मत खर्चको विवरण | | | जम्मा खर्च | मर्मत कम्पनी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | ....... बजेदेखी | ...... बजेसम्म | लुब्रिकेन्ट | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**रेकर्ड राख्ने** **रुजु गर्ने** **स्वीकृत गर्ने**

**अपरेटर** *** स्वास्थ्य चौकी प्रमुख** **एम्बुलेन्स सञ्चालक समिति संयोजक**

अनुसूची ३

भाडामा लिनेदिने सम्झौता पत्रको ढाँचा

सुनछहरी गाउँपालिका पोवाङ रोल्पा

सुनछहरी गाउँपालिका (जसलाई पछि प्रथम पक्ष भनिनेछ) र ........................................... बस्ने श्री ................ ................. (यस पछि दोस्रो पक्ष भनिनेछ) बिच रोल्पा जिल्ला .................... गा.पा. मा ...................... एम्बुलेन्स सेवा प्रदान गर्ने प्रयोजनका लागि एम्बुलेन्स भाडामा दिने लिने सम्बन्धमा निम्न अनुसारको शर्तहरु दुवै पक्षले पूर्ण रुपमा पालना गर्न मञ्जुर भई यो सम्झौता पत्रमा सहीछाप गरी लियौं दियौं ।

**शर्तहरु**

१) एम्बुलेन्स भाडामा लिने (दोस्रो पक्षका) श्री ............................ ले एम्बुलेन्स भाडामा लिदा एम्बुलेन्स सञ्चालनमा आएपछि प्रति दिन/महिना रु. .................. का दरले प्रथम पक्षलाई भाडा तिर्ने गरी भाडामा प्रयोग गर्नु पर्नेछ ।

२) यो सम्झौता मिति २० ...... गते देखी २०......... गतेसम्म लागु हुनेछ ।

३) सम्झौताको अवधि भन्दा बढी समयसम्म एम्बुलेन्स प्रयोग गर्नुपरेमा दोस्रो पक्षले प्रथम पक्षलाई निवेदन दिई अनुरोध गरेमा थप समयमा पनि सम्झौता गरी प्रयोग गर्न सकिनेछ ।

४) दोस्रो पक्षले एम्बुलेन्स भाडामा लिनु पुर्व भाडामा लिएको अवधिको सम्पूर्ण रकम गाउँ कार्यपालिकाको कार्यालय पोवाङ रोल्पामा धरौटी स्वरुप जम्मा गर्नुपर्नेछ ।

५) दोस्रो पक्षले एम्बुलेन्स सञ्चालनमा ल्याउने सम्झौता अवधिभर अपरेटरलाई बस्ने बासको व्यवस्था गरिदिनु पर्नेछ ।

६) एम्बुलेन्स सञ्चालन अवधिमा एम्बुलेन्सको मर्मत तथा सर्भिसिङ दोस्रो पक्षले नै गर्नेछ ।

७) यो सम्झौता सम्पन्न भई एम्बुलेन्स दोस्रो पक्षले जिम्मा लिइसकेपछि कार्यालयमा फिर्ता नबुझाउँदासम्म सोको पूर्ण जिम्मेवारी दोस्रो पक्षले नै लिनुपर्नेछ ।

८) यो सम्झौता गरी तोकिएको अवधिका लागि लगिएको एम्बुलेन्स समय समाप्त भएपछि नबुझाएमा दोस्रो पक्षले भाडा बाहेक दैनिक रु. ............ का दरले प्रथम पक्षलाई थप हर्जना तिर्नुपर्नेछ ।

९) एम्बुलेन्स प्रयोग गरेवापत कुनै सरकारी कर तिर्नुपर्ने भएमा दोस्रो पक्षले नै तिर्नुपर्नेछ ।

| **भाडामा लिने व्यक्ति/संस्थाको तर्फबाट** | **कार्यालयको तर्फबाट** |
| --- | --- |
| नामः | नामः |
| ठेगानाः | पदः प्रमुख प्रसासकीय अधिकृत |
| दस्तखतः | दस्तखतः |

## अनुसूची ४

## ✚ एम्बुलेन्स सेवा शुल्क सम्बन्धी दर रेट

## सुनछहरी गाउँपालिका पोवाङ रोल्पा

- सुलिचौरबाट तोकिएको स्थानहरु(सुनछहरी गाउँपालिका भन्दा बाहिर)मा एम्बुलेन्स गर्नुपर्दा जिल्ला एम्वुलेन्सको भाडादर कायम गरिनेछ । तर सुनछहरी गाउपालिकाका स्थायी बासिन्दाको हकमा जिल्ला भाडादरमा १० प्रतिशत छुट दिइनेछ।
- सुनछहरी गाउँपालिकाको ७ वटै वडाका विभिन्न स्थानहरुको हकमा दफा ५ बमोजिमको एम्बुलेन्स संचालक समितले आर्थिक वर्ष सुरु हुनपूर्व भाडादर कायमको निर्णय गर्नेछ र सोहिबमोजिमको भाडादर कायम हुनेछ।
- सुनछहरी गाउँपालिकामा स्थायी बसोबास भएका साहारा विहिन( आफ्नो लागि आफै कामकाज गर्न नसक्ने र हेरचाहका लागि कुनै आफन्त नभएका मानिस) नागरिकहरुका लागि सम्बन्धित वडाध्यक्षको सिफारिसमा निर्धारित भाडादरमा सत प्रतिशत छुट गरिनेछ ।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थामा वा अस्पतालामा वा संस्था भन्दा वाहिर सुत्केरी हुन आएका महिलाहरुको सुत्केरी हुन नसकी प्रेषण गर्नु पर्ने अवस्था भएमा सम्वन्धित स्वास्थ्यकर्मीले सिफारिस गरेमा प्रेषण स्थल सम्मको निर्धारित भाडादरमा ५० (पचास) प्रतिशत छुट गरिनेछ तर उपचार गरी अस्पताल वा सम्वन्धित स्वास्थ्य संस्थावाट घर फर्कदा निर्धारण गरिएको भाडा पुरा लाग्नेछ ।साथै सुत्केरी महिलाको स्वास्थ्य अवस्थाअनुसार सुनछहरी गाउँपालिका स्थित स्वास्थ्य संस्थाबाट प्रेषण हुने सुत्केरीको हकमा सम्बन्धित स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ्ग कर्मचारी सुत्केरीसँगै एम्वुलेन्समा जानुपर्नेछ ।
- सुनछहरी गाउँपालिका स्थायी ठेगाना भएका ७० बर्ष माथिका जेष्ठ नागरिकहरु बिरामी भई गाउँपालिका वा गाउँपालिकाभन्दा बाहिरका स्वास्थ्य संस्था वा अस्पतालमा जानुपर्ने भएमा निर्धारित भाडादरमा ५० (पचास) प्रतिशत छुट गरिनेछ तर उपचार गरी अस्पताल वा सम्वन्धित स्वास्थ्य संस्थावाट घर फर्कदा निर्धारण गरिएको भाडा पुरा लाग्नेछ ।
- सुनछहरी गाउँपालिका स्थायी ठेगाना भएका द्धन्दपिडित (प्रमाण खुल्ने कागजात भएमा मात्र) नागरिकहरु र क र ख वर्गका अपाङ्गहरू बिरामी भई गाउँपालिका वा गाउँपालिकाभन्दा बाहिरका स्वास्थ्य संस्था वा अस्पतालमा जानुपर्ने भएमा निर्धारित भाडादरमा ५० (पचास) प्रतिशत छुट गरिनेछ तर उपचार गरी अस्पताल वा सम्वन्धित स्वास्थ्य संस्थावाट घर फर्कदा निर्धारण गरिएको भाडा पुरा लाग्नेछ ।

✚ *तेस्रो संशोधनद्वारा झिकिएको ।*

- सुनछहरी गाउँपालिका भित्रका कुनै पनि नागरिक आकस्मिक तथा विपद्जन्य दुर्घटनामा परी घाइते भएको अवस्थामा निर्धारित भाडादरमा ५० (पचास) प्रतिशत छुट गरिनेछ तर उपचार गरी अस्पताल वा सम्वन्धित स्वास्थ्य संस्थावाट घर फर्कदा निर्धारण गरिएको भाडा पुरा लाग्नेछ ।
- सुनछहरी गाउँपालिका स्थायी ठेगाना भएका ग वर्गका अपाङ्ग (परिचयपत्र भएमा मात्र) हरू बिरामी भई गाउँपालिका वा गाउँपालिकाभन्दा बाहिरका स्वास्थ्य संस्था वा अस्पतालमा जानुपर्ने भएमा निर्धारित भाडादरमा २५ (पच्चिस) प्रतिशत छुट गरिनेछ तर उपचार गरी अस्पताल वा सम्वन्धित स्वास्थ्य संस्थावाट घर फर्कदा निर्धारण गरिएको भाडा पुरा लाग्नेछ ।

नोटः स्वास्थ्य निर्देशिका २०७८ अनुसार संघ संस्था तथा पालिकाले एम्बुलेन्स संचालन गर्न नपाउने भएकोले एकिकृत एम्बुलेन्स संचालन कार्यविधि अनुसार पोबाङ स्वास्थ्य चौकीलाई एम्बुलेन्स संचालनको लागि अख्तियारी दिइ सम्झौता गरी स्वास्थ्य चौकी मार्फत एम्बुलेन्स संचालन गर्ने प्रवन्ध मिलाइनेछ ।

*नोटः(*) प्रथम संसोधनद्वारा संसोधित*

आज्ञाले,
प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत